नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

कार्तिक/मंसीर २०८१ (November 2024) वर्ष २७/अङ्क ३११

## मानिसले प्राप्त गर्ने दुइ किसिमको शरीर

- पाष्टर सिमोन पाठक

मृत्यु कसलाई मनपर्छ ? मृत्यु भन्नासाथ मानिसलाई डर लाग्छ तर तितो सत्य के हो भने हामी सबै एकदिन मर्नुपर्छ। मृत्युपछि के हुन्छ ? मृत्युपछि म कहाँ जान्छु ? जन्मनुको उद्देश्य मर्नु नै कदापि होइन । मृत्युपछि अनन्त जीवन छ । अनन्त जीवनमा कस्तो शरीर हुन्छ ? यस विषयमा जान्यौं भने मृत्युको समयमा हामी निराशाको सट्टा आशावादी हुन्छौं । प्रभुमा विश्राम लिनेहरूले पुनः शरीर प्राप्त गर्नेछन् ।

**मृत्यु के हो ?**

पुरानो करारअनुसार मानिस जीवनका लागि सृष्टि गरिएको थियो । तर परमेश्वरको आज्ञा तोडेको कारण मृत्यु आयो (उत्पत्ति २:९, १७ ; ३:३,१२) । **"एकजना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो"** (रोमी ५:१२) ।

येशू क्रूसमा जानुभएपछि मृत्यु प्रभावशाली छैन तर ख्रीष्टमा जीवनचाहिँ प्रभावशाली भएको छ । येशूले मृत्युलाई जित्नुभयो । **जुन अनुग्रह अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ । उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो** (२ तिमोथी १:१०) । **उहाँद्वारा जीवन पाएकाहरूमा मृत्युको प्रभावकारी असर छैन । मृत्यु अग्नि-कुण्डमा फालिएको छ । येशू ख्रीष्टको क्रूसको मृत्यु र पुनरुत्थानको कारण उहाँमा विश्वास गर्नेहरूको निम्ति दोस्रो मृत्यु छैन** (प्रकाश २१:४) ।

नयाँ करारमा मृत्युलाई अनन्त मृत्युको रूपमा पनि चित्रण गरिएको छ (यूहन्ना ५:२४, ८:५१, रोमी ७:९-११) । अनन्त जीवन पनि छ । अनन्त मृत्यु पनि छ । **"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ"** (यूहन्ना ५:२४) । याकूब २:२६ अनुसार आत्माबिना शरीर मरेको हुन्छ । मृत्युको दिन हाम्रो आत्मा प्रभुको साथमा हुने दिन पनि हो । क्रूसको मृत्युमा प्रभु येशूले भन्नुभयो, **"हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु ।"**

**दुइ किसिमको शरीर**

मानिसले दुइ किसिमको शरीर प्राप्त गर्दछ । प्राकृतिक शरीर र स्वर्गीय शरीर । स्वर्गीय शरीरमा प्रवेश गर्न प्राकृतिक शरीर मर्नुपर्दछ । हाम्रा मण्डलीका सदस्यहरू, आफन्तहरू, परिवारका सदस्यहरू जो जतिले पापको पश्चात्ताप गर्नुभएको थियो र प्रभु येशूलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गर्नुभएको थियो, उहाँहरू प्राकृतिक शरीरबाट विदा भएपछि स्वर्गीय शरीरमा प्रवेश गर्नुभयो । त्यसकारण मृत्युको दिन जन्मेको दिनभन्दा असल हो । स्वर्गीय शरीर प्राप्त गर्न प्राकृतिक शरीर मर्नु नै पर्छ ।

पहिलो कोरन्थी पन्ध्र अध्यायको चालिस पददेखि अठचालिस पदहरूमा स्वर्गीय शरीर र प्राकृतिक शरीरको विषयमा वर्णन गरिएको छ, स्वर्गीय शरीरलाई आत्मिक शरीर पनि भनिएको छ । प्राकृतिक शरीरलाई पार्थिव शरीर पनि भनिएको छ । प्राकृतिक शरीर छ भने स्वर्गीय शरीर पनि छ ।

प्राकृतिक शरीरको मृत्यु भएपछि त्यो शरीर विनाशमा गाडिन्छ वा जलाइन्छ । प्राकृतिक शरीर मृत्यु भएपछि दुर्बल हुन्छ । जीवित हुँदा उसलाई मानिसले जुन आदर गर्दथिए त्यो आदर पनि अब दुर्बल हुन्छ । उसको पहिचान पनि फेरिन्छ । मृत्यु नभएसम्म उसको पहिचान एउटा हुन्छ । मृत्यु भएपछि उसको पहिचान पनि फेरिन्छ । तपाईं र मैले आमा बुवाबाट प्राप्त गरेको प्राकृतिक शरीर यति कमजोर छ तर पनि कतिपटक मानिसहरू बाँचुन्जेल म कहिल्यै मर्दिन जस्तो गरेर संसारको धन सम्पत्ति, मान-इज्जत, पद प्राप्त गरेको सफलता आदि कुराहरूलाई लिएर धाक रवाफ लगाउँछन् । मानिसहरूलाई गर्ने व्यवहारमा विभेद गर्छन् । उपदेशको पुस्तकअनुसार यी सबै कुराहरू व्यर्थ हुन् ।

व्यर्थ नहुने कुराचाहिँ मानिसले प्राप्त गर्ने स्वर्गीय शरीर हो । स्वर्गीय शरीर प्राप्त गरेकाहरूलाई प्रभुले इनामहरू पनि राखिदिनुभएको छ । उसले प्राकृतिक शरीरमा हुँदा गरेको कामअनुसार स्वर्गीय शरीरमा इनामहरू प्राप्त गर्नेछ । **पुनरुत्थानको दिनमा "...सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति" पुनरुत्थान हुनेछन्** (यूहन्ना ५:२९) ।

शरीरमा रहँदा कुकर्म गर्नेहरूको अन्तिम इनाम दण्ड हुनेछ । यसलाई बाइबलले दोस्रो मृत्यु भनेको छ । प्राकृतिक शरीर मरेपछि फेरि पनि उसको निम्ति मृत्यु छ । त्यो मृत्युचाहिँ अनन्तसम्म दण्ड पाउने ठाउँमा हाम्रो आत्मा तड्पिनु हो । कति मानिसहरूले चर्चमा आएर प्रभुमा विश्वास गरेर, बप्तिस्मा लिएर पनि फेरि प्रभुलाई छोडेका छन् । विश्वास त्याग गरेका छन् । तिनीहरूले पनि दोस्रो मृत्यु चाख्नेछन् । अनन्त दण्डमा जानेछन् । पापको पश्चात्ताप गरेर फर्कने समय अहिले हो । पश्चात्ताप गरेर प्रभुमा फर्कनेहरूका लागि स्वर्गीय शरीर प्राप्त हुनेछ । नत्र कुनै आशा छैन ।

स्वर्गीय शरीर कस्तो शरीर हो ? १ कोरिन्थी १५ अध्यायअनुसार

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| कार्तिक २४ गते November 9 | एल्डर रत्नमान महर्जन | डीकनेस् रश्मिला तामाङ्ग | एल्डर बागमान तामाङ्ग | डीकन राम ब. तामाङ्ग | श्री सुचन तामाङ्ग | एल्डर सीता गुरूङ्ग | श्री सुक्राराम तामाङ्ग |
| मंसीर १ गते November 16 | पाष्टर सिमोन पाठक | एल्डर सिद्धि खालिङ | श्री पिटर घिमिरे | श्री शमुएल तामाङ्ग | श्री मिन ब. तामाङ्ग | डीकन ध्रुव घिमिरे | एल्डर श्रीलक्ष्मी सैंजु |
| मंसीर ८ गते November 23 | एल्डर दिनेश न्यौपाने | श्रीमती माया तामाङ्ग | डीकनेस् सरिता नकर्मी | एल्डर पूर्ण सुनुवार | एल्डर रत्नमान महर्जन | पाष्टर रोल्याण्ड रोंगांग | पाष्टर रूबेन श्रेष्ठ |
| मंसीर १५ गते November 30 | श्री विष्णु देउला | श्री सुचन तामाङ्ग | पाष्टर सिमोन पाठक | श्री माया लामा | श्री विजय तामाङ्ग | पाष्टर घनश्याम दाहाल | डीकन सिमोन भण्डारी |
| मंसीर २२ गते December 7 | पाष्टर अशोक मुखिया | डीकन राजु तामाङ्ग | डीकन सुबोध अधिकारी | डीकन भूपाल तामाङ्ग | एल्डर मन ब. मगर | पाष्टर बि.बि. खवास | पाष्टर रूबेन श्रेष्ठ |

## नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्तिक २४ गते November 9 | पाष्टर सलोन कार्थक | एल्डर लाक्पा लामा | एल्डर कृष्ण तामाङ्ग | डीकन अमृत लामा | एल्डर जमान घ्लान | एल्डर गोपी राई | डीकन उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | डीकनेस् रमा महर्जन | डीकन सुर्य तामाङ्ग |
| मंसीर १ गते November 16 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर राज गुरूङ्ग | डीकनेस् सलोमी दों | डीकनेस् राममाया नगरकोटी | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | श्रीमती देवकी लामा | एल्डर गोपी राई | डीकन पवन सुनुवार |
| मंसीर ८ गते November 23 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | श्री विकास श्रेष्ठ | एल्डर सागर थापा | सुश्री गंगा तामाङ्ग | डीकन अमृत लामा | एल्डर गोपी राई | एल्डर पेशल राई |
| मंसीर १५ गते November 30 | श्री प्रेम गुरूङ्ग | एल्डर लाक्पा लामा | श्री आशुतोष नगरकोटी | डीकन अशोक श्रेष्ठ | एल्डर पेशल राई | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | डीकन गोपाल नगरकोटी | एल्डर सागर थापा | श्री गोविन्द नगरकोटी |
| मंसीर २२ गते December 7 | पाष्टर प्रेम श्रेष्ठ | श्री फुर्का तामाङ्ग | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा |

स्वर्गीय शरीर अविनाशमा जीवित हुन्छ, महिमामा जीवित हुन्छ, शक्तिमा जीवित हुन्छ । आत्मिक शरीरमा जीवित हुन्छ । प्राकृतिक शरीरबाट विदा भएपछि स्वर्गीय शरीरमा यो सबै आशिषहरू येशूमा विश्वास गर्नेहरूको निम्ति राखिएको छ । येशूमा विश्वास गरेको दिन परमेश्वरको सन्तान हुन्छ । उसको नाउँ जीवनको पुस्तकमा लेखिन्छ । उसले स्वर्गको नागरिकता प्राप्त गर्छ । प्राकृतिक शरीरमा जन्मेपछि वडामा नाम दर्ता हुन्छ, उमेर पुगेपछि देशको नागरिकता प्राप्त गर्छ । त्यसरीनै येशूलाई ग्रहण गरेकाहरू आत्मामा नयाँ जन्म प्राप्त गर्छन् । परमेश्वरका छोराछोरी भएकाहरू सबैको नाउँ जीवनको पुस्तकमा लेखिन्छ र न्यायका दिनमा जीवनको पुस्तकमा खोलिन्छ । त्यस दिन स्वर्गीय शरीर प्राप्त गरेकाहरू अनन्त अनन्तसम्म परमेश्वरसँग स्वर्गमा हुनेछन् । स्वर्गीय शरीर प्राप्त नगरेकाहरू यो सबै आशिषबाट बाहिर हुनेछ । "मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए । यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो" (प्रकाश २०:१४-१५) ।

के तपाईंको नाउँ जीवनको पुस्तकमा लेखिएको छ ? छैन भने पापको पश्चात्ताप गरेर प्रभुको वचनअनुसार जीवन जिउन आजैदेखि सुरु गरिहाल्नुहोस्, भोलि त ढिला हुनसक्छ । मृत्यु आँखाको एक निमेषमा पनि हुन सक्छ । त्यसपछि पश्चात्ताप गर्ने मौका हुँदैन । प्रभुमा विश्वास गर्नेहरू मृत्युको दिन निराश हुनुपर्दैन । किन ? किनभने त्यो दिन तपाईंले स्वर्गीय शरीरमा पाइने आशिषहरूमा प्रवेश गर्नुहुनेछ ।

मृत्युको खील छैन । मौरीले एकजनालाई टोकेपछि अर्को व्यक्तिमा भूँ-भूँ गरेर टोक्न खोजे तापनि उसको खील हुँदैन । त्यसरीनै येशूमा विश्वास गर्नेहरूका लागि मृत्युको खील येशूले लिइसक्नुभएको छ । अब उहाँमा विश्वास गर्नेहरूका लागि मृत्युको खील छैन । दोस्रो मृत्यु मर्नुपर्दैन । अनन्त जीवन मात्र छ । त्यसकारण परिवारका सदस्यहरूको मृत्यु भएपछि प्रभुमा विश्वास गर्नेहरू आशा नहुनेहरू जस्तो निराशामा लामो समयसम्म जीवन बिताउनु आवश्यक छैन । विछोडको पीडा हुन्छ । हामी रून्छौं, शोकमा पर्छौं, यो हुनु स्वभाविक हो किनकि हामीमा भावना छ तर लामो समयसम्म आशा नहुनेहरू जस्तो विलापमा जीवन बिताउनु पर्दैन । प्रभुसँग अनुग्रह मागेर अगाडि बढ्नुपर्दछ । बाँकी जीवनमा प्रभुको महिमा र सेवा गर्दै जीवन जिउनुपर्दछ । प्राकृतिक शरीरको मृत्यु सबैको अन्तिम भाग हो भन्ने सत्यता जानेर हरेक दिन तितोपना, ईर्ष्या, आरिस, दुश्मनी, अरूको कुरा काट्ने, पाष्टर तथा अगुवाहरूको कुरा काट्ने, प्रभुले सेवाको स्थानमा राख्नुभएका व्यक्तिहरूको कुरा काट्ने कुराहरूलाई छोडेर मेलमिलाप, प्रेम, एकता, क्षमा, नम्रतामा प्रभुको सेवा र महिमा गर्ने जीवन जिउनुपर्दछ । यो आजको आवश्यकता हो, भोलिको दिन यो मौका नआउन सक्छ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **कार्तिक २४ गते** November 9 | एल्डर रूद्र राई | श्री जीवन खालिङ | डाक्टर सुदान रूचाल | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग | डीकन अनिल आले | डीकन बल बहादुर राई |
| **मंसीर १ गते** November 16 | श्रीमती राधा के.सी. | एल्डर सीता गुरूङ्ग | डीकन कृष्ण नगरकोटी | एल्डर बि.एन पण्डित | डीकन प्रशान्त सिंह | डीकन मत्ती सिराल | एल्डर बेन्जामिन तामाङ्ग |
| **मंसीर ८ गते** November 23 | डीकन श्रीराम सुर्खेती | श्री जीवन खालिङ | एल्डर भुवन देवकोटा | श्री प्रेम गुरूङ्ग | एल्डर पिटर लिम्बू | एल्डर बि.एन पण्डित | एल्डर जोरविर राई |
| **मंसीर १५ गते** November 30 | एल्डर नभराज के.सी. | श्री विश्वास थापा | एल्डर आनन्द न्यौपाने | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बि.एन पण्डित | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक |
| **मंसीर २२ गते** December 7 | एल्डर बाबुराम के.सी. | पाष्टर शरण राई | श्री इभान सादा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |

# हार्दिक बधाई



आश्विन १२ गते/सेप्टेम्बर २८ तारिख, शनिबार नेइम सिर्जनानगर चर्चका सदस्य श्री माधव मान तामाङ्ग र नेपाली चर्च लैन्केष्टर युएसको सदस्य सुश्री र शशि गुरूङ्गको नेपाली चर्च लैन्केष्टर युएसमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन १९ गते/अक्टोबर ५ तारिख, शनिबार नेइम ज्ञानेश्वर चर्चका सदस्य सुश्री रोमी महत र एभ्रि नेशन नेपाली चर्च, आबुदाबी, यूएईको सदस्य श्री रोहित सुनुवारको एभ्रि नेशन नेपाली चर्च, आबुदाबी, यूएईमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन २२ गते/अक्टोबर ८ तारिख, मंगलबार नेइम गोंगबूँ चर्चको सदस्य श्री ज्ञान बहादुर मगर र अगापे चर्चको सदस्य सुश्री सम्झना तामाङ्गको लिसारा रिसेप्सन्स् पार्टी प्यालेसमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### जानकारी

असोज १९ गते/अक्टोबर ५ तारिख शनिबार नेइम ललितपुर चर्चमा ७ जना बालबालिकाहरूको बाल अर्पण भयो ।

कार्तिक ३ गते/अक्टोबर १९ तारिख शनिबार नेइम जोरपाटी सुनखानी मण्डली, सिन्धुपाल्चोकमा ८ जना विश्वासीहरूको समर्पण भयो ।

कार्तिक १० गते/अक्टोबर २६ तारिख शनिबार नेइम बालुवापाटी मण्डलीमा श्री मिन बहादुर तामाङ्गलाई डीकन र श्रीमती विष्णुमाया भुषाललाई डीकनेस्मा नियुक्त गरियो ।

# जानकारी



भुवलडाँडा, तीनचुली, बौद्ध निवासी नेइम जोरपाटी बेशीगाउँ मण्डलीको सदस्य श्रीमती माइली तामाङ्ग ९० वर्षको उमेरमा असोज २६ गते/अक्टोबर १२ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



बेथानी आश्रममा बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती भक्त कुमारी गजुरेल ८६ वर्षको उमेरमा आश्विन ३० गते/अक्टोबर १६ तारिख बुधबारका दिन प्रभुमा सुत्नुभयो ।



बुलबुले बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती मिना गुरूङ्ग ८० वर्षको उमेरमा आश्विन २८ गते/अक्टोबर १४ तारिख सोमबारका दिन प्रभुमा सुत्नुभयो ।



गोंगबूँ बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री जङ्ग बहादुर तामाङ्ग ९४ वर्षको उमेरमा आश्विन ८ गते/सेप्टेम्बर २४ तारिख मंगलबारका दिन प्रभुमा सुत्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १८ 3<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्लिला भएकाहरू हुँदै जान सकून् ।<br>कलस्सी २:६-७ | २५ 10<br>संसारका सबै मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | २ 17<br>सम्पूर्ण विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाइ, प्रशंसा कहिले पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | ९ 24<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ | १६ December 1<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ कोरिन्थी ५:१४-२१ |
| **सोमबार**<br>Monday | १९ 4<br>प्रत्येक विश्वासीको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६-७ | २६ 11<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | ३ 18<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | १० 25<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १७ 2<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरुहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार**<br>Tuesday | २० 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून् ।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २७ 12<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएका-हरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | ४ 19<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ | ११ 26<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>१ थेसलोनिकी ५:११ | १८ 3<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून् ।<br>२ तिमोथी ३:१४-१७ |
| **बुधबार**<br>Wednesday | २१ 6<br>घरेलु संगतिका सबै अगुवा-हरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>गलाती ६:९-१० | २८ 13<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ | ५ 20<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | १२ 27<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पीडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ६१:१-३, यूहन्ना ८:३६ | १९ 4<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ |
| **बिहीबार**<br>Thursday | २२ 7<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | २९ 14<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ | ६ 21<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>गन्ती ६:२४-२६ | १३ 28<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | २० 5<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ |
| **शुक्रबार**<br>Friday | २३ 8<br>वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाइ र अभिषेक मागिदिऔं ।<br>१ कोरिन्थी २:४-५, १२-१३ | ३० 15<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८, ८६:११ | ७ 22<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै सेवाको लागि सहायता गर्नुहुने स्वयंसेवकहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:११ | १४ 29<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | २१ 6<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>याकूब १:१९-२५ |
| **शनिबार**<br>Saturday | २४ 9<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१५-१९ | १ मंसीर 16<br>इस्राएल देशका यहूदी जातिहरू कुनै न कुनै माध्यमद्वारा परमेश्वरको राज्यमा आउन सकून् ।<br>आमोस ९:१३-१५ | ८ 23<br>मण्डलीको चार खाँबो: पुरुष, महिला, युवा, बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | १५ 30<br>भारतको मुम्बई ,पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११, १६ | २२ 7<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भागलिन सकून् ।<br>हिब्रू १०:२३-२६ |

**"केही क्षणको निम्ति मैले तँलाई त्यागेको थिएँ, तर अगाध कृपासित म तँलाई फेरि ल्याउनेछु । रीसको झोंकमा क्षणभरको निम्ति मैले मेरो मुख तँदेखि लुकाएको थिएँ, तर अनन्त प्रेम देखाएर म तँलाई कृपा गर्नेछु", परमप्रभु तेरा उद्धारक भन्नुहुन्छ । यो त मेरो निम्ति नोआको पालोका दिनहरूजस्तै छ, किनकि जसरी मैले नोआको समयमा शपथ खाएको थिएँ, कि म जलप्रलयको पानीले पृथ्वी फेरि डुबाउनेछैनँ, त्यसरी नै अबदेखि तँमाथि म रीस गर्नेछैन, म तँलाई कहिल्यै हप्काउनेछैनँ भनी शपथ खाएको छु ।"**

**(यशैया ५४:७-९)**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,